जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

वर्ष १३ • अंक १६२ • २०८२ चैत्र २० गते शुक्रवार • 3 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# प्रतिवेदन नै नष्ट भएपछि कारबाही प्रक्रिया गम्भीर अन्योलमा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ चैत्र**

मधेश प्रदेश सरकारले स्थानीय तहहरूलाई वितरण गरेको सशर्त तथा विशेष अनुदानमा भएको भनिएको अनियमितता सम्बन्धी छानबिन प्रतिवेदन नै नष्ट भएपछि कारबाही प्रक्रिया गम्भीर अन्योलमा परेको छ । प्रदेश सरकार र प्रदेश सभाबीच जिम्मेवारी पन्छाउने प्रवृत्ति देखिँदा उक्त प्रकरण अझै अन्योलमै अल्झिएको हो ।




जेनजी आन्दोलनका क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको आगजनीबाट महत्त्वपूर्ण कागजातहरू जलेको बताइएको छ । त्यही क्रममा अनियमितता छानबिनसम्बन्धी प्रतिवेदनसमेत नष्ट भएको हुन सक्ने प्रदेश सरकारको भनाइ छ । यस घटनाले सार्वजनिक वित्तीय अनुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ । आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहहरूलाई वितरण गरिएको सशर्त अनुदान र रकमान्तर प्रक्रियामा व्यापक अनियमितता भएको आरोप सार्वजनिक भएपछि प्रदेश सरकारले विशेष छानबिन समिति गठन गरेको थियो । प्रदेश सभा सदस्य उपेन्द्र महतोको संयोजकत्वमा गठित १० सदस्यीय समितिले लामो अध्ययनपछि आफ्नो प्रतिवेदन तयार पारेको थियो । समितिले २०८१ असार ९ गते तत्कालीन सभामुख रामचन्द्र मण्डलसमक्ष प्रतिवेदन बुझाएको थियो । त्यसपछि प्रदेश सभाले उक्त प्रतिवेदन कार्यान्वयनका लागि तत्कालीन मुख्यमन्त्री सतीश कुमार सिंहलाई पठाएको थियो । तर, प्रतिवेदन कार्यान्वयनमा सरकारको उदासीनता देखिएको आरोप छ । वर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादवका अनुसार आन्दोलनका क्रममा कार्यालयमा रहेका केही महत्त्वपूर्ण फाइलहरू जलेका छन् । उनले छानबिन प्रतिवेदन पनि त्यही घटनामा नष्ट भएको हुन सक्ने बताए । 'हामीसँग अहिले उक्त प्रतिवेदनको आधिकारिक अभिलेख छैन,' उनले भने, 'अभिलेख नभएसम्म ठोस निर्णय लिन गाह्रो हुन्छ ।'

यता, तत्कालीन मुख्यमन्त्री सतीश कुमार सिंहले भने प्रतिवेदनमा कारबाहीका लागि पर्याप्त आधार नभएको दाबी गरेका छन् । उनका अनुसार प्रतिवेदनमा एकातर्फ अनियमितता औंल्याइएको छ भने अर्कोतर्फ सुधारका सुझाव पनि दिइएकाले तत्काल कारबाही गर्न कठिन भएको हो । उनले प्रतिवेदनलाई अस्पष्ट र मिश्रित निष्कर्ष भएको भन्दै त्यसकै कारण कार्यान्वयनमा ढिलाइ भएको बताए । छानबिन समितिका संयोजक उपेन्द्र महतो भने सरकारको दाबीप्रति असन्तुष्ट देखिन्छन् । उनका अनुसार प्रतिवेदनमा दोषी र जिम्मेवार पक्ष स्पष्ट रूपमा उल्लेख गरिएको थियो । 'हामीले प्रमाणसहित सबै कुरा उल्लेख गरेका थियौं,' उनले भने, 'अब त्यसको कार्यान्वयन गर्नु प्रदेश सभा र सरकारको जिम्मेवारी हो ।'

छानबिन प्रतिवेदनले प्रदेश सरकारभित्र गम्भीर वित्तीय अनियमितता भएको निष्कर्ष निकालेको थियो । प्रतिवेदनमा तत्कालीन अर्थमन्त्री सञ्जय कुमार यादवले कार्यविधि विपरीत आफ्नै गृह जिल्लाका स्थानीय तहहरूमा पक्षपातपूर्ण ढंगले अनुदान वितरण गरेको उल्लेख गरिएको थियो । त्यसैगरी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत करिब ४२ करोड रुपैयाँ प्रक्रिया मिचेर रकमान्तर गरिएको तथ्य पनि प्रतिवेदनले औंल्याएको थियो ।

प्रतिवेदन अनुसार केही मन्त्रालयका रकमान्तरसम्बन्धी पत्रहरू आधिकारिक रूपमा दर्ता हुनुअघि नै स्वीकृत गरिएको थियो भने १३६ स्थानीय तहमध्ये १३० मा असन्तुलित रूपमा अनुदान वितरण गरिएको थियो । विपक्षी दलले जितेका पालिकाहरूमा अनुदान वितरणमा विभेद गरिएको र सर्लाही र सप्तरीमा अस्वाभाविक अनुदान बाँडिएको निष्कर्ष निकालेको थियो ।




# सरकारी सूचना तथा विज्ञापनहरू सरकारी सञ्चार माध्यम मार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णयप्रति विरोध

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ चैत्र**

नेपाल सरकारले सरकारी सूचना तथा विज्ञापनहरू सरकारी सञ्चार माध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरेपछि यसको विरोध सुरु भएको छ। नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले उक्त निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।





महासंघले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संघीय मन्त्रालय, आयोग, सचिवालयदेखि प्रदेश र स्थानीय तहसम्म पठाइएको परिपत्रले निजी सञ्चार माध्यमलाई वञ्चित गर्ने गरेको उल्लेख गरिएको छ । महासंघले यस निर्णयप्रति असहमति र खेद प्रकट गरेको छ। विज्ञप्तिमा निजी सञ्चार माध्यमहरूले देशको राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको स्मरण गराउँदै पछिल्लो निर्णयले ती माध्यमहरूलाई विस्थापित गर्ने जोखिम बढाएको जनाइएको छ। महासंघका अनुसार कोभिड-१९ महामारी र पछिल्लो समयका विभिन्न आन्दोलनका कारण आर्थिक संकट झेलिरहेका निजी सञ्चार संस्थाहरूलाई यस निर्णयले थप मार पर्नेछ। यसबाट धेरै सञ्चार संस्था बन्द हुने तथा श्रमजीवी पत्रकार र सञ्चारकर्मीहरू पलायन हुने खतरा रहेको चेतावनी दिइएको छ । त्यस्तै, संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता, उदार आर्थिक नीति र संघीयताको मूल मर्मविपरीत यो निर्णय रहेको महासंघको ठहर छ। यसले सूचना प्रवाहमा एकाधिकार कायम गर्ने प्रयास भएको भन्दै स्वतन्त्र प्रेसमाथि गम्भीर प्रहार हुने उल्लेख गरिएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



महासंघले सरकारसँग उक्त निर्णय




## समावेशिता देखाउने की हटाउने ?

समानुपातिक प्रणालीलाई वास्तविक समावेशिताभन्दा पनि राजनीतिक सन्तुलन मिलाउने धन्दाको रूपमा जसरी प्रयोग गरिएको देखिन्छ, दु:खद् छ । किनभने दलित समुदाय आजसम्म शासक वर्ग, जाति र समुदायको भोट बैंकको रूपमा मात्र प्रयोग गरेको देखिन्छ र इतिहासमा पनि श्रम गर्ने र उनीहरूको श्रम शोषण गर्ने मालिक वर्ग आज पनि यो समाजमा जीवित रहेको छ। त्यसैले यो अवस्था सुधार्न केही आधारभूत कदम आवश्यक रहेको छ । पहाडी र मधेसी दलित छुट्टै समूहका रूपमा सुनिश्चित गर्नुपर्छ । अनिवार्य प्रतिनिधित्व- महिलाजस्तै मधेसी दलितका लागि पनि सुनिश्चित कोटा हुनुपर्छ । कानुनी कडाइ, समानुपातिक सूचीमा विविधता अनिवार्य गर्ने कानुनी व्यवस्था लागू गर्नुपर्छ । राजनीतिक इच्छाशक्ति-दलहरूले केवल घोषणापत्र होइन, व्यवहारमा समावेशिता लागू गर्नुपर्छ। नभए यदि यही प्रवृत्ति जारी रह्यो भने संविधानको समावेशी अवधारणा केवल कागजमै सीमित हुनेछन। मधेसी दलितहरू राज्यको मूल प्रवाहबाट झन् टाढा धकेलिनेछ ।

अन्ततः यस्तो भाष्य बलियो बन्न सक्छ- मधेसी दलितहरू प्रतिनिधित्वका लागि होइन, केवल भोट दिनकै लागि जन्मेको छ । र, समावेशिता देखाउने हो कि समावेशिता हटाउने हो ? भन्ने मूल प्रश्न यतिबेला सबैका लागि चुनौतीको विषय बनेको देखिन्छ ।

# भानुचोकदेखि रेल्वे स्टेशनसम्म अतिक्रमण हटाउने अभियान सञ्चालन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ चैत्र

बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिका र मधेश प्रदेश सरकारको संयुक्त पहलमा आज भानुचोकदेखि रेल्वे स्टेशनसम्म अतिक्रमण हटाउने अभियान सञ्चालन गरिएको छ ।

अभियान अन्तर्गत भानुचोक-रेल्वे स्टेशन सडक खण्डमा रहेका फुटपाथ अतिक्रमण हटाइएको हो । अभियानमा स्थानीय प्रशासन, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको थियो । अभियानका क्रममा सडक किनार तथा पैदलमार्गमा राखिएका ठेला, टहरा तथा अस्थायी संरचनाहरू हटाइएका छन् ।



सार्वजनिक स्थल अतिक्रमण गरी सञ्चालन गरिएका अनधिकृत पसलहरू हटाउँदै पैदल यात्रुका लागि फुटपाथ खाली गरिएको प्रशासनले जनाएको छ । स्थानीय प्रशासनका अनुसार बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित र आवतजावत सहज बनाउन यस्तो कदम चालिएको हो । उपमहानगरपालिकाले सार्वजनिक स्थानको संरक्षण तथा शहरी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

व्यवसायीहरूलाई वैकल्पिक व्यवस्थापनका लागि सहजीकरण गरिने तयारी भइरहेको प्रशासनको भनाइ छ। अभियानका क्रममा केही व्यवसायीले असन्तुष्टि जनाए पनि अधिकांश स्थानीयले फुटपाथ खाली गराउने कार्यलाई सकारात्मक रूपमा लिएका छन् । स्थानीयवासीहरूले लामो समयदेखि पैदल यात्रुहरूलाई हिँडडुलमा समस्या भइरहेको अवस्थामा यस्तो अभियान आवश्यक रहेको बताएका छन् । पछिल्लो समय बढ्दो शहरीकरणसँगै देखिएको अतिक्रमण समस्या समाधानका लागि यस्ता अभियानलाई निरन्तरता दिइने प्रशासनले जनाएको छ ।

## (गुरुकुल) मा सरस्वती मन्दिर निर्माण कार्यको शिलान्यास



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १९ चैत्र

महोत्तरीको मटिहानीस्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय (गुरुकुल) मा सरस्वती मन्दिर निर्माण कार्यको शिलान्यास गरिएको छ।आज आयोजित एक कार्यक्रमबीच गुरुकुलका अभिभावक तथा अग्रज, मानकी होटल जनकपुर र मटिहानी होटलका संस्थापक सञ्चालक एवं समाजसेवी निरंजन प्रसाद साहले मन्दिर निर्माण कार्यको शिलान्यास गर्नुभएको हो ।

वि.सं. १७७५ मा स्थापना भएको उक्त गुरुकुल परिसरमा निर्माण हुन लागेको सरस्वती मन्दिर साहले निजी लगानीमा निर्माण गराउन लाग्नुभएको जनाइएको छ।

गुरुकुलका प्रधानाध्यापक ईश्वरी पौडेलका अनुसार मन्दिर आकर्षक संरचनामा निर्माण गरिनेछ भने मन्दिरभित्र महादेव र सरस्वतीको प्रतिमा स्थापना गरिने योजना रहेको छ । निर्माण कार्य सम्पन्न भएपछि वि.सं. २०८३ देखि सरस्वती पूजा गुरुकुल परिसरमै नव-निर्मित मन्दिरमा गर्ने लक्ष्य राखिएको गुरुकुल प्रशासनले जनाएको छ ।






## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथुन: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कुम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इन्डोनेसियामा गयो शक्तिशाली भूकम्प, टर्‍यो सुनामीको त्रास

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र



पूर्वी इन्डोनेसियाको मोलुक्का सागर क्षेत्रमा बिहीबार बिहान ७.४ रेक्टर स्केलको शक्तिशाली भूकम्प जाँदा कम्तीमा एक जनाको मृत्यु भएको छ।

सुलावेसी र मालुकु टापुको बीचमा केन्द्रविन्दु रहेको यस भूकम्पले भवनहरूमा क्षति पुर्‍याउनुका साथै सर्वसाधारणमा ठूलो त्रास पैदा गरेको छ। भूकम्पलगत्तै इन्डोनेसिया, फिलिपिन्स र मलेसियाका तटीय क्षेत्रमा सुनामीको चेतावनी जारी गरिएको थियो। प्रशान्त सुनामी चेतावनी केन्द्रका अनुसार भूकम्पका कारण समुद्रमा करिब ७५ सेन्टिमिटरसम्म अग्ला छालहरू उत्पन्न भएका थिए। यद्यपि, भूकम्प गएको करिब दुई घण्टापछि सुनामीको खतरा टरेको भन्दै चेतावनी फिर्ता लिइएको छ।

उत्तरी सुलावेसीको मनाडो सहरमा एक भवन भत्किँदा एक जनाको ज्यान गएको र अर्को एक व्यक्ति घाइते भएको उद्धार अधिकारी जर्ज लियो मर्सी रान्डाङले पुष्टि गरेका छन्। मृतक भग्नावशेषमा पुरिएका थिए भने अन्य सम्भावित हताहतीको विवरण संकलन भइरहेको छ। अमेरिकी भूगर्भ सर्वेक्षण संस्थाका अनुसार भूकम्पको गहिराइ जमिनको सतहबाट करिब ३५ किलोमिटर तल रहेको थियो। मुख्य कम्पनपछि त्यस क्षेत्रमा ५.९ रेक्टर स्केलसम्मका दर्जनौं परकम्पहरू महसुस गरिएका छन्। स्थानीय बासिन्दाहरूका अनुसार भूकम्प एक मिनेटभन्दा बढी समयसम्म चलेको थियो, जसका कारण मानिसहरू घर छोडेर खुला सडकमा निस्किएका थिए।

# जलेश्वरमा डेराबाट लाखौंका गहना र नगद चोरी, सुरक्षा चुनौती बढ्दो

मो.इर्शाद
महोत्तरी, १९ चैत्र



महोत्तरीको सदरमुकाम जलेश्वर नगर पालिका-२ मा बुधबार राति डेरा गरी बस्ने एक व्यक्तिको कोठाबाट लाखौं मूल्य बराबरका सुनचाँदीका गहना र नगद चोरी भएको छ।

मालपोत कार्यालयको पूर्वपट्टि रहेको अंगद प्रसाद मिश्राको घरमा चार वर्षदेखि भाडामा बस्दै आएका एकडारा गाउँपालिका-३ स्थायी घर भएका कौशलेन्द्र कर्णको कोठामा चोरी भएको हो।पीडित कर्णका अनुसार बुधबार राति उनी आफ्नै गाउँ गएका थिए। बिहीबार बिहान करिब १० बजे डेरामा फर्कंदा कोठाको ताला फुटेको अवस्थामा भेटेपछि चोरी भएको थाहा पाएका हुन्।"कोठाको ताला फुटेको देखेपछि सबै सामान चेक गर्दा गहना र नगद हराएको पाएँ," कर्णले बताए। पीडितका अनुसार चोरी भएका सामानमा करिब ७ तोला सुन, ४०-५० तोला चाँदी तथा २५००० हजार रुपैयाँ नगद रहेका छन्। चोरी भएको कुल धनमालको मूल्य लाखौं रुपैयाँ पर्ने अनुमान गरिएको छ। घटना देखेपछि उनले छिमेकीलाई खबर गर्नुका साथै तत्काल प्रहरीलाई जानकारी गराएका थिए। सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेर प्रारम्भिक अनुसन्धान सुरु गरिसकेको जनाएको छ। चोरीमा संलग्न व्यक्तिको पहिचान तथा खोजी कार्य भइरहेको प्रहर 'ले जनाएको छ।सदरमुकामकै व्यस्त क्षेत्रमा राति भएको चोरी घटनाले स्थानीय बासिन्दामा त्रास फैलिएको छ। र ात्रिकालीन गस्ती बढाइयोस्, शंकास्पद गतिविधिमा निगरानी कडा बनाइयोस् र नागरिकको सुरक्षामा प्रभावकारी कदम चालियोस् स्थानीयले गुनासो गरेका छन्।

# राजश्व चुहावट नियन्त्रणमा सरकार आक्रामक, अर्थ मन्त्रालयमा उच्चस्तरीय बैठक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र



मुलुकमा भइरहेको राजश्व चुहावट नियन्त्रण गर्न र अवैध गतिविधिमाथि कडाइ गर्ने उद्देश्यले अर्थ मन्त्रालयमा 'उच्चस्तरीय केन्द्रीय राजश्व चुहावट नियन्त्रण समिति'को बैठक बसेको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अध्यक्षतामा बसेको बैठकमा राजश्व प्रशासनलाई चुस्त बनाउने र चोरी पैठारी नियन्त्रण गर्ने विषयमा केन्द्रित रहेर घनीभूत छलफल भएको छ। बैठकमा गृहमन्त्री सुधन गुरुङको समेत उपस्थिति रहे। जसले राजश्व चुहावट नियन्त्रणमा गृह र अर्थ मन्त्रालयबीचको समन्वयलाई थप मजबुत बनाउने संकेत गरेको छ। बैठकमा प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र राजश्व प्रशासनका सचिवहरूका साथै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रमुखहरूको समेत सहभागिता रहेको थियो।

विशेषगरी सीमा नाकाबाट हुने चोरी पैठारी, राजश्व छली र विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका विषयमा बैठकमा गम्भीर समीक्षा भएको छ। अर्थमन्त्री डा. वाग्लेले राजश्व संकलनमा देखिएका चुनौतीहरू समाधान गर्न र चुहावट रोक्न सम्बन्धित महाशाखा तथा विभागका प्रमुखहरूलाई कडा निर्देशन दिएका छन्। राजश्व चुहावट नियन्त्रणमा सुरक्षा निकायको भूमिकालाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा पनि सुरक्षा प्रमुखहरूसँग परामर्श भएको छ।

# शेर र बिपिन दुवैले पाँच विकेट लिएको खेलमा सुदूरपश्चिमको रोमाञ्चक जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ चैत्र



बिपिन खत्रीले ५ विकेट लिँदै शानदार बलिङ गरेपनि गण्डकी प्रदेशले पीएम कप क्रिकेटमा सुदूरपश्चिम प्रदेशसँग हार बेहोरेको छ। बिहीबार वीरगन्जमा भएको खेलमा सुदूरले गण्डकीलाई २ विकेटको रोमाञ्चक जित हासिल गरेको हो। गण्डकीले दिएको १९१ रनको लक्ष्य सुदूरले ३९ ओभर २ बलमा ८ विकेटको क्षतिमा पूरा गरेको हो।

सुदूरका लागि अभिषेक पालले सर्वाधिक ६६ रन बनाए। ९३ बल खेलेका उनले ६ चौका र २ छक्का प्रहार गरे। नारायण जोशीले अविजित ४५ रन बनाए। बिपिन खत्रीले ५ विकेट लिए भने कृष्ण पौडेल, सुवास भण्डारी र विश्रुव कार्कीले १-१ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको गण्डकी प्रदेशले ४९ ओभरमा अलआउट हुँदै १९० रन बनाएको थियो। अर्जुन कुमालले सर्वाधिक ४४ रन बनाए भने कप्तान बिपिन खत्रीले ३० रन बनाए। सुवास भण्डारीले २४, दीपक डुम्रेले २२ कृष्ण पौडेलले १५ गौरव बिकले १४ तथा सिब्रिन श्रेष्ठले १३ रन बनाए। सुदूरका शेर मल्लले १० ओभरमा ४२ रन दिए ५ विकेट लिए।

हेमन्त धामी र अशोक धामीले २-२ विकेट लिँदा मिलन बोहोराले १ विकेट लिए। प्रतियोगितामा चौथो जित निकालेको सुदूरपश्चिम ५ खेलमा ८ अंकका साथ दोस्रो स्थानमा उक्लिएको छ।







# स्वार्थको द्वन्द्वले कसरी बढाउँछ भ्रष्टाचार ?

–निवर्तमान प्रधानमन्त्री सुशीला कार्कीले यही चैत १ मा राष्ट्रिय प्रकृति संरक्षण कोषमा आफ्नै स्वकीय सचिवलाई नियुक्त गरिन् । शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराएर प्रशंसा कमाएकी कार्कीले आफ्नै स्वकीय सचिवलाई नियुक्ति दिएपछि यसमा स्वार्थको द्वन्द्व भएको भन्दै आलोचना भयो ।

विसं २०७९ माघमा राष्ट्रिय प्रजातन्त्र पार्टीले विक्रम पाण्डेलाई सहरी विकासमन्त्री बनायो । कालिका कन्स्ट्रक्सनका मालिक पाण्डेविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिक्टा सिँचाइ आयोजनामा अनियमितता गरेको भन्दै विसं २०७५ मंसिरमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यति मात्रै होइन, पाण्डेको कम्पनीले एसियाली विकास बैंकको ऋण सहयोगमा विराटनगर महानगरपालिकामा सञ्चालित ‘मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार परियोजना’ चारपटक भेरिएसन गरी ६ पटक म्याद थपेको थियो । आर्थिक सहयोग तथा विकास संगठन (ओईसीडी) ले सार्वजनिक पद धारण गरेको व्यक्तिको सार्वजनिक दायित्व र निजी चासो, सरोकारबीचको स्वार्थ रहने अवस्था नै स्वार्थको द्वन्द्व हो भनी परिभाषित गरेको छ । २ अर्ब ३९ करोड बजेट भएको उक्त परियोजनाको लागत ३ अर्ब १० करोड रुपैयाँभन्दा माथि पुगेको थियो । सोही कम्पनीका मालिकलाई नै सहरी विकास मन्त्रालयको जिम्मेवारी दिनु सरासर स्वार्थको द्वन्द्व देखिन्थ्यो । यसैगरी ३१ असार २०८१ मा केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्मा जलस्रोत व्यवसायी दीपक खड्कालाई ऊर्जा, जलस्रोत र सिँचाइमन्त्री बनाइयो ।

उनको कार्यकालमा धेरै हाइड्रोपावर परियोजनामा स्वार्थ बाझिएका तथ्य सार्वजनिक भएका थिए । यी त केही उदाहरण मात्रै हुन् । विगत लामो समयदेखि गठन भएका मन्त्रिमण्डल, संसदीय समिति, नियमनकारी निकायहरूका पदाधिकारीमा स्वार्थ बाझिने गरी नियुक्ति गर्ने अभ्यास झाँगिएको छ ।

यो नेपालको शासन प्रणालीको प्रमुख समस्या र भ्रष्टाचारको कारण बन्दै आइरहेको छ । के हो स्वार्थको द्वन्द्व ? स्वार्थको द्वन्द्व भनेको कुनै पनि व्यक्तिले आफ्नो स्वार्थ जोडिएका क्षेत्रको जिम्मेवारी लिएर वा नेतृत्वमा पुगेर उक्त शक्ति तथा पदमार्फत प्राप्त गरेको सार्वजनिक स्रोत साधन, अधिकारलाई आफ्नो निजी स्वार्थका लागि प्रयोग गर्ने प्रक्रिया हो । जस्तै- कुनै व्यक्ति लामो समयदेखि वैदेशिक रोजगारी व्यवसायमा संलग्न रहेको छ भने श्रम, रोजगार मन्त्रालयको मन्त्री हुँदा आफ्नो कम्पनी वा पेसालाई लाभ हुने गरी कानुन तथा नीति बनाउने सम्भावना हुन्छ । वा, उक्त विषयसँग सम्बन्धित सूचनामा



उसको पहुँच हुन्छ, जसबाट उक्त व्यक्तिले लाभ लिन सक्छ । यस किसिमको अवस्थालाई स्वार्थको द्वन्द्वका रूपमा लिने गरिन्छ । आर्थिक सहयोग तथा विकास संगठन (ओईसीडी) ले सार्वजनिक पद धारण गरेको व्यक्तिको सार्वजनिक दायित्व र निजी चासो, सरोकारबीचको स्वार्थ रहने अवस्था नै स्वार्थको द्वन्द्व हो भनी परिभाषित गरेको छ । यसैगरी विद्वान् जेरार्ड कार्नीका अनुसार, सार्वजनिक पद धारण गरेको व्यक्तिले निजी व्यापारिक स्वार्थसहित साझेदारी गर्नु, सरकारी ठेक्कापट्टा तथा खरिद प्रक्रियामा संलग्न हुनु, सार्वजनिक पदाधिकारीले अन्य निकायमा संलग्न भई सोही निकायलाई लाभ हुने गरी निर्णय गर्नु, अनुमति दिने अधिकारीले भविष्यमा आफूले त्यही निकायमा काम पाउने सर्त स्वीकार गरी कुनै कम्पनी वा निकायलाई कारोबारको इजाजत दिनु तथा मुआब्जा निर्धारण समितिमा रहने कुनै पदाधिकारीले आफ्नो वा परिवारको जग्गा पर्ने देखेपछि मूल्य अस्वाभाविक रूपमा बढाउनु आदि स्वार्थका द्वन्द्व हुन् ।

स्वार्थको द्वन्द्वलाई मूलतः तीन वटा आयाममा वर्गीकरण गर्न सकिन्छ । पहिलो, प्रत्यक्ष वा वास्तविक स्वार्थको द्वन्द्व हो । यस किसिमको स्वार्थको द्वन्द्वमा जिम्मेवार अधिकारीले आफ्नो पदीय जिम्मेवारीको दुरुपयोग गर्दै आफ्नो कम्पनी वा परिवार, नातेदार तथा नजिकका अन्य आफन्त वा साथीलाई लाभ हुने गरी निर्णय प्रक्रियामा सहभागी हुन्छन् । दोस्रो, अनुभूतीय स्वार्थको द्वन्द्व हो । यस किसिमको स्वार्थको द्वन्द्व आम सरोकारवाला सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो भूमिका निर्वाहका क्रममा कुनै स्वार्थ राखेको छ र स्वार्थवश निर्णय गरिरहेको छ भन्ने अनुभूति गरेका हुन्छन् तर प्रत्यक्ष नदेखिन सक्छ । तेस्रो, सम्भावित स्वार्थको द्वन्द्व हो ।

स्वार्थको द्वन्द्व भएका व्यक्तिहरूले आफ्नो स्वार्थ बाझिने स्थानमा एकपछि अर्को गर्दै नियुक्ति लिइरहेका वा दिइरहेका छन् । निर्णय प्रक्रियामा सहभागी भइरहेका छन् । जसमा कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले निकै पछाडिको अवस्थालाई ध्यानमा राखी वा सोचविचारका साथ निर्णय गर्ने कामलाई जनाउँछ । यसमा तत्कालै कुनै लाभ नभए पनि पछि भविष्यमा लाभ लिने उद्देश्य राखी निर्णय गर्ने परिपाटी हुन्छ ।

**सांभार : कान्तिपुर ।**













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday